# हार्दिक बधाई



आश्विन २१ गते/अक्टोबर ७ तारिख बुधबार नेइम गोंगबूँ चर्चको सदस्य सुश्री **विन्दु गुरूङ्ग** र निस्सी एजी चर्चको सदस्य श्री **प्रविन गुरूङ्ग**को नेइम गोँगबूँ चर्चमा **पवित्र विवाह** सुसम्पन्न भई वैवाहिक जीवनमा एकसाथ बाँधिनुभएकोमा श्रीमान्/श्रीमती **प्रविन** र **विन्दु गुरूङ्ग**लाई मण्डली परिवारको तर्फबाट हार्दिक बधाई एवं शुभकामना व्यक्त गर्दछौं ।



आश्विन २३ गते/अक्टोबर ९ तारिख शुक्रबार नेइम ज्ञानेश्वर चर्चको सदस्य श्री **अशोक महर्जन** र नेइम बालुवा पाटी चर्च, काभ्रेको सदस्य सुश्री **अम्बिका मगर**को नेइम बालुवा पाटी चर्च, काभ्रेमा **पवित्र विवाह** सुसम्पन्न भई वैवाहिक जीवनमा एकसाथ बाँधिनुभएकोमा श्रीमान्/श्रीमती **अशोक** र **अम्बिका महर्जन**लाई मण्डली परिवारको तर्फबाट हार्दिक बधाई एवं शुभकामना व्यक्त गर्दछौं ।



आश्विन २६ गते/अक्टोबर १२ तारिख सोमबार नेइम जोरपाटी चर्चको सदस्यहरू श्री **अनिल बुढाथोकी** र सुश्री **अम्रिता बस्नेत**को नेइम जोरपाटी चर्चमा **पवित्र विवाह** सुसम्पन्न भई वैवाहिक जीवनमा एकसाथ बाँधिनुभएकोमा श्रीमान्/श्रीमती **अनिल** र **अम्रिता बुढाथोकी**लाई मण्डली परिवारको तर्फबाट हार्दिक बधाई एवं शुभकामना व्यक्त गर्दछौं ।

# विषेश प्रार्थना

१. देशको राष्ट्रपति, उप-राष्ट्रपति प्रधान-मन्त्री, उप-प्रधानमन्त्री, मन्त्री-मण्डल, राजनैतिक पार्टीहरू साथै अन्य सम्पूर्ण निकायका पदाधिकारीहरूको निम्ति प्रार्थना गरौं ।

२. नेपाल देशमा प्रभुको इच्छा र योजना पूरा भएको होस् भनी प्रार्थना गरौं ।

३. अन्धकारका शक्तिका अधार्मिक कामहरू चोरी, डकैती, घूसखोरी, हत्या, आत्माहत्या, लागु पदार्थ दुर्व्यशन, अपहरण, देह व्यापार, चेलीबेटी बेचबिखन आदि जस्ता दुष्टका कामहरूको विरुद्धमा प्रार्थना गरौं ताकि यस्ता अन्धकारका कामहरू हटेर गएको होस् ।

४. चाड पर्वको समयमा पानीको बप्तिस्मा लिनुभएकाहरू, प्रभुलाई ग्रहण गर्नुभएकाहरू साथै अधुरा परिवारमा हुनुभएका विश्वासीहरू सबै अप्ठ्यारो परिस्थितिमा स्थिर रहन पवित्र आत्माको सहायता मागिदिऔं ।

५. मिशनेरी भएर जानुभएकाहरूको परिवार, सेवकाइ र मण्डलीको लागि साथै विभिन्न देशहरूमा रहेर मण्डली तथा संगतिहरूमा सहायता पुऱ्याइराख्नुभएकाहरूको लागि प्रार्थना गरौं ।

६. विदेशमा रोजगार, अध्ययनको लागि जानुभएकाहरूले आफ्नो काम, पढाइको व्यस्तताको बीचमा प्रभुलाई नबिर्सिऊन् । उहाँहरूको पढाइ, काम साथै परिवारको लागि पनि प्रार्थना गरिदिऔं ।

७. मण्डलीलाई परमेश्वरको इच्छाअनुसार पवित्र आत्माको सहायतामा शिक्षा दिन, हुर्काउन, डोऱ्याउन, आत्मिकी रूपमा वृद्धि गर्न र व्यवस्थित गर्दै लैजानको लागि नेइमअन्तर्गतका सम्पूर्ण अगुवाहरूको लागि प्रार्थना गरिदिऔं ।

८. सारा विश्वभरि फैलिरहेको कोराना भाइरसको कारण आर्थिक स्थिति कम्जोर भएका, बिरामी हुनुभएकाहरू, शोकमा परेका परिवारहरूको लागि प्रार्थना गरिदिऔं ।

## जानकारी



भवाल डाँडा बस्नुहुने नेइम जोरपाटी चर्चकी सदस्य श्रीमती नानीमैया लामा ६६ वर्षको उमेरमा आश्विन २० गते/अक्टोबर ६ तारिख मंगलबार प्रभुमा सुत्नुभयो ।



कालोपुल बस्नुहुने नेइम ज्ञानेश्वर चर्चको सदस्य श्री सानु कान्छा तामांग ७० वर्षको उमेरमा आश्विन २९ गते/अक्टोबर १५ तारिख बिहीबार प्रभुमा सुत्नुभयो ।



गाम्चा बस्नुहुने नेइम गाम्चा चर्चकी सदस्य श्रीमती यूनिस नगरकोटी ७१ वर्षको उमेरमा आश्विन २२ गते/अक्टोबर ८ तारिख बिहीबार प्रभुमा सुत्नुभयो ।



पुतली सडक बस्नुहुने नेइम ज्ञानेश्वर चर्चको सदस्य सुश्री अम्रिता नापित ५३ वर्षको उमेरमा आश्विन ३० गते/अक्टोबर १६ तारिख शुक्रबार प्रभुमा सुत्नुभयो ।

| | | | | |
|---|---|---|---|---|
| **आइतबार**<br>Sunday | २३ 8<br>नेइम परिषद्का गुरुजनहरूले परमेश्वरको इच्छामा पवित्र आत्माको शक्ति र अगुवाइमा मण्डलीलाई डोऱ्याउन सकून् ।<br>एफिसी ४:१-४ | ३० 15<br>मण्डलीअन्तर्गतका संगतिका भुण्डहरूलाई अगुवाइ गर्नुहुने अगुवाहरू पवित्र आत्माको सहायतामा आफ्नो बगालको हेरचाह गर्न सकून् ।<br>१ पत्रुस ५:१-४ | ७ 22<br>सबै अगुवा गुरुजनहरू र उहाँहरूको परिवारको निम्ति परमेश्वरबाटको सुरक्षा मागिदिऔं ।<br>भजनसंग्रह १०५:१४-१५, १२५:२ | १४ 29<br>नेपाल देशमा रहेका सम्पूर्ण साना-ठूला मण्डलीहरू साक्षीको जीवन जिएर प्रभुलाई महिमा दिन सकून् ।<br>१ पत्रुस २:११-१२ |
| **सोमबार**<br>Monday | २४ 9<br>व्यक्तिगत, पारिवारिक र सामूहिक रूपमा चढाएको प्रार्थनाको पाएको उत्तर साथै नपाएका उत्तरमा पनि हामी सबै धन्यवादी हुन सकौं ।<br>१ थेसलोनिकी ५:१६-१८ | १ मंसिर 16<br>प्रभुको नाउँको खातिर दुःख, कष्ट, सतावट, खेदो सहनु परेकाहरूको लागि प्रार्थना गरिदिऔं ।<br>भजनसंग्रह ११८:५-१६ | ८ 23<br>परमप्रभु परमेश्वरले राखिदिनु-भएका आशिषहरू उपभोग गर्दै आशिषित् बन्नको लागि विश्वासको कदम चलाउन सकौं ।<br>एफिसी १:३, यहोशू १:३-५ | १५ 30<br>येशू प्रभुलाई विश्वास गरेकाहरू साँचो अर्थमा पूर्ण रूपमा परिवर्तित जीवनमा परमेश्वरलाई पछ्याउनेहरू हुन सकून् ।<br>एफिसी ५:१-१३ |
| **मंगलबार**<br>Tuesday | २५ 10<br>सबै विश्वासीहरू पवित्र आत्माको अधीनता, भरपूरी र अगुवाइमा दिन-प्रतिदिन डोऱ्याइएकाहरू भएर जिउन सकौं ।<br>गलाती ५:१६-२५ | २ 17<br>सम्पूर्ण विश्वासीहरूले वचन पढ्ने, साथै वचनको प्रकाश र ज्ञानमा बढ्दै जान, पवित्र आत्माले नै सहायता गरून् ।<br>२ तिमोथी ३:१४-१७ | ९ 24<br>विभिन्न देशहरूमा काम, पढाइ, तथा अन्य कारणले जानुभएका-हरूको लागि प्रार्थना गरिदिऔं ।<br>भजनसंग्रह १२१:१-८ | १६ December 1<br>परमेश्वरबाटको उत्तम प्रतिज्ञाहरू जो हाम्रो लागि दिनुभएको छ, सो प्रतिज्ञाहरू घोषणा गर्दै र दावी गर्दै परमेश्वरको महिमाको लागि आशिषित् भएर जिउन सकौं ।<br>२ पत्रुस १:३-४ |
| **बुधबार**<br>Wednesday | २६ 11<br>प्रत्येक परिवारले आफ्नो परिवारमा प्रभुलाई पाहुना होइन तर सधैं प्रभुको आदर गर्नेहरू हुन सकौं ।<br>भजनसंग्रह ९१:१ र ९ | ३ 18<br>परिवारका छोराछोरीहरू आफ्ना बाबु-आमालाई आदर र प्रेम गर्ने हुन सकून् ।<br>हितोपदेश २३:२२-२५, एफिसी ६:१ | १० 25<br>विश्वासीहरूको जीवनमा प्रार्थना, वचन पढाइ, प्रशंसा र सुसमाचार प्रचार गर्ने कुरा कहिले पनि नरोकिएको होस् ।<br>प्रेरित २:४२-४७ | १७ 2<br>पढाइ र कामको क्षेत्रमा रहेका जवानहरू इमान्दार भएर परमेश्वरको साक्षीपूर्ण जीवन जिउन सकून् र उनीहरूको जीवनमा परमेश्वरको आशिष् र ज्ञान-बुद्धि मागिदिऔं ।<br>हितोपदेश ९:१०, याकूब १:५ |
| **बिहीबार**<br>Thursday | २७ 12<br>मण्डलीका विश्वासीहरू रीतिविधिमा जिउनेहरू साथै मन तातो भएर जिउनेहरू कोही पनि नहोऊन् ।<br>प्रकाश ३:१५-१६ | ४ 19<br>वैवाहिक जीवनमा बाँधिनुभएका सबै दम्पत्तिहरूको लागि प्रार्थना गरिदिऔं ।<br>एफिसी ५:२१-३३ | ११ 26<br>निराश-हतास, चिन्ता-फिक्री, अभाव, रोग आदि समस्यामा परेकाहरूको निम्ति प्रार्थना गरिदिऔं ।<br>भजनसंग्रह ५५:२२, १४७:३ | १८ 3<br>सबै बालबालिकाहरूको आत्मिक जीवन, पढाइ, स्वास्थ्य र सुरक्षाको लागि प्रार्थना गरिदिऔं ।<br>यशैया ६१:८-९ |
| **शुक्रबार**<br>Friday | २८ 13<br>वचनको सेवकाइ गर्नुहुने, आराधनामा अगुवाइ गर्नुहुने साथै वचन सुन्ने सबैको लागि प्रार्थना गरिदिऔं ।<br>१ कोरिन्थी २:१२-१३, मत्ती ७:२४-२७ | ५ 20<br>विभिन्न उद्देश्य लिएर प्रभुमा आउनुहुने हरेकले परमेश्वरको वचन सुनेर उहाँहरूको हृदय परिवर्तन भएको होस् ।<br>हिब्रू ४:१२-१३ | १२ 27<br>मण्डली वचन सुन्ने मात्र होइन तर वचन पालन गरेर परमेश्वरलाई साँचो प्रेम गर्नेहरू हुन सकून् ।<br>यूहन्ना १४:२१, २३-२४ | १९ 4<br>सम्पूर्ण विश्वासीहरूको जीवन एकअर्काको निम्ति आशिष् र आत्मिक उन्नतिको कारण बन्न सकोस् ।<br>रोमी १४:१९ |
| **शनिबार**<br>Saturday | २९ 14<br>देशका सम्पूर्ण मण्डलीका सेवक/सेविका साथै मण्डली परिवारको लागि सुरक्षा मागिदिऔं ।<br>भजनसंग्रह ५:११-१२, १२५:१-३ | ६ 21<br>विभिन्न देशमा रोजगार, अध्ययन र अन्य कामको लागि गएका नेपाली दाजुभाइ, दिदीबहिनीहरूले कुनै न कुनै माध्यमद्वारा प्रभु येशूलाई पाउन सकून् ।<br>२ पत्रुस ३:८-९ | १३ 28<br>मण्डली आत्मा र सत्यतामा आराधना गर्नेहरू भई परमेश्वरलाई महिमा दिनेहरू हुन सकून् ।<br>यूहन्ना ४:२३-२४, एफिसी ५:२० | २० 5<br>विभिन्न माध्यमहरूद्वारा भइरहेको सेवाद्वारा मण्डली अझै आशिषित् भई प्रभुको महिमाको लागि जागृत भई अघि बढ्न सकून् ।<br>प्रेरित ४:१२-२१ |

**जोशमा पछि नहट । पवित्र आत्मामा प्रज्वलित होओ, प्रभुको सेवा गर्दैरहो ।**
**आफ्नो आशामा आनन्द गर, संकष्टमा धैर्य धारण गर,**
**प्रार्थनामा निरन्तर लागिरहो ।**

**रोमी १२:११-१२**